# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०१ | बुटवल | २०८२ पौष ११ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday December 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
-आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


## प्रकाशकीय

## चुनौतीको सामना गर्ने सामर्थ्य

दैनिक लुम्बिनी आजदेखि ३८औं वर्षमा प्रवेश गरेको जानकारी गराउन पाउँदा खुशी लागेको छ । प्रिय पाठक, विज्ञापनदाता र शुभेच्छुकहरूको न्यायो माया र साथले अनेकौ आरोह-अवरोह पार गर्दै हाम्रो यात्रा अघि बढिरहेको छ । हाम्रा आरम्भका दिनहरु सहज थिएनन् । निरंकुश पञ्चायती शासन व्यवस्थाको दमनका सामु अदम्य साहसका साथ हामी उभियौं । मुलुकमा प्रजातन्त्र बहाली र नागरिक अधिकारका लागि अब्बल रूपमा प्रस्तुत भएको समाजले अनुभूति गर्दा हामीलाई गौरवबोध हुन्छ । त्यो कठिन समयमा अदम्य साहसका साथ उभिने संस्थापक सम्पादक कर्णबहादुर कार्कीसहितको सम्पादन र व्यवस्थापन टिमलाई हामी स्मरण गर्दै सम्मान व्यक्त गर्दछौं । अग्रजहरुले कठिन समयमा हतास र निराश नभई अघि बढेका घटनाले हामीलाई सबैखालका चुनौतीको सामना गर्न सक्ने आत्मबल र सामर्थ्यप्राप्त भएको छ ।

२०४६ साल चैत २६ गते निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्थाको आगमन भयो । त्यसपछि फराकिलो मैदानमा प्रेस स्वतन्त्रताको उपभोग गर्दै नागरिक अधिकार, राष्ट्रियता र जनजीवीकाको सवालमा सधैं खरो उत्रेर पत्रकारिताको असल अभ्यास गर्‍यौं । बहुदलीय व्यवस्था आएको केही वर्षमै देशमा सशस्त्र द्वन्द्व सुरु भयो । माओवादी सशस्त्र द्वन्द्वका बेला संकुचनमा परेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका कारण उत्पन्न कठिन परिस्थितिको सामना गर्दै अविचलित रूपमा अघि बढ्न सफल भएका छौं ।

दुई सय ३७ वर्ष लामो राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भएपछि मुलुक नयाँ ढंगले अघि बढेको छ । नागरिकले चुनेका प्रतिनिधि रहेको संविधानसभाले संविधान बनाएको छ । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीतालाई यो संविधानले संस्थागत गरेको छ । विविधतायुक्त मुलुकको तस्विरलाई संविधानले संस्थागत गरेको छ । व्यवहारिक कार्यान्वयन गर्दै जाँदा संविधानलाई अझै गतिशील दस्तावेज बनाउन सक्दा मात्रै प्राप्त उपलब्धिको रक्षा हुन सक्छन् । भदौ २३ र २४ को जेन जी आन्दोलन र विध्वंशले २०६२/०६३ को आन्दोलनको जगमा बनेको संविधान धर्मराएको छ । शान्तिपूर्ण प्रदर्शन भड्किदा संसद भवन परिसर तोडफोड र त्यसपछि अनियन्त्रित ढंगले भएको गोली प्रहारले भएको अकल्पनीय मानवीय क्षति भएको छ । त्यसपछि भएको विध्वंशमा सार्वजनिक र निजी सम्पत्तिको जुन ढंगले क्षति भयो, यो क्षतिको असर समाजमा चौतर्फी देखिएको छ । माओवादी सशस्त्र विद्रोहका बेला समाजमा लागेका घाउ पुरिन बाँकी रहेकै बेला जेनजीका नाममा जुन खालको घटना भयो, यसको व्यवस्थापन गर्न राजनैतिक दलको अग्रसरता भएन भने मुलुकले अकल्पनीय क्षति व्यहोर्ने जोखिम बढेको छ । मुलुकलाई अनिश्चय र अस्थिरताको दुष्चक्रबाट बचाउन खबरदारी गर्न आवश्यक छ ।

जेनजी आन्दोलनको बलमा संवैधानिक दायरा बाहिरबाट सरकार गठन भयो, संवैधानिक प्रक्रिया बाहिरबाट सरकार गठन भएपछि अनेकौं आशंका र प्रश्न उठेका छन् । फागुन २१ गते चुनावको मिति घोषणा भएको छ । प्रधानमन्त्री र मन्त्रीहरुले तोकिएकै मितिमा चुनाव हुन्छ भनिरहे पनि घोषित मितिमा चुनाव हुन्छ भन्ने विश्वासिलो आधार तयार हुन सकिरहेको छैन । अदालतमा विचाराधीन रहेको संसद विघटनबारेको मुद्दाको टुंगो लाग्दा मात्रै चुनावको विषय अघि बढ्न सक्छ । राजनैतिक दलसँगको सहकार्य र समन्वयबाट मात्रै चुनावको वातावरण बनाउन सकिन्छ भन्ने हेक्का सरकारलाई हुन आवश्यक छ ।

अहिले सूचना प्रविधिको विकास र विस्तारले समाज डिजिटल युगतिर प्रवेश गरेको छ । सूचना प्रविधिको विकास र विस्तारले ल्याएको परिवर्तनले परम्परागत ढंगले चल्दै आएका आमसञ्चार माध्यम संकटमा पर्दै गएका छन् । त्यो संकटको सामना गर्दै प्रविधिको प्रयोग र विस्तारलाई बढाउँदै बदलिदो परिवेशमा आफूलाई रूपान्तरण गर्दै अघि बढ्ने हाम्रो पहलकदमीमा प्रिय पाठक, विज्ञापनदाता र शुभेच्छुकको साथ र सहयोग आवश्यक छ । अहिले समाजमा मिथ्या सूचनाको आतंक छ । तथ्यमा टेकेर सत्यलाई स्थापित गर्नुपर्नेमा तथ्यहिन सूचना सम्प्रेषणले समाजलाई दिग्भ्रमित पारेको छ । मिथ्या सूचनाले अराजक बन्दै गएको समाजलाई सही सूचना सम्प्रेषण गरी लयमा हिडाउनुपर्ने चुनौतीपूर्ण अवस्थामा हामी उभिएका छौं । तथ्यमा टेकेर सत्यलाई स्थापित गर्न सक्दा मात्रै विगतको गौरव जोगिन सक्छ । प्रविधिको प्रयोग र विस्तारले समाजमा ल्याएको परिवर्तनलाई आत्मसात गर्दै नयाँ ढंगले अघि बढ्ने हाम्रो अभियानमा प्रिय पाठक, विज्ञापनदाता र शुभेच्छुकहरूको न्यानो माया र सार्थक सहयोगको अपेक्षा गरेका छौं ।

**मोहन चापागाईं**
अध्यक्ष
सिद्धार्थ पब्लिकेशन प्रा.लि.

# राजनीतिक भेटवार्तामा सक्रिय मेयर बालेन

**बालेनले विभिन्न दलका नेता, जेनजी प्रतिनिधि र पूर्व विवेकशील साझाका नेतालाई 'देश विकास पार्टी' मा जोड्ने र त्यही पार्टीमार्फत् आगामी निर्वाचनमा देशव्यापी उम्मेदवारी दिने तयारीमा छन् ।**





**लुम्बिनी संवाददाता**
*बुटवल*

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले फागुन २१ को निर्वाचनलाई लक्षित गर्दै राजनीतिक सक्रियता बढाएका छन् ।

उनले विभिन्न दलका नेता, जेनजी प्रतिनिधि र पूर्वविवेकशील साझाका नेताहरूसँग मिलेर नयाँ राजनीतिक समीकरण बनाउने कार्यलाई तीव्रता दिएका छन् ।

आफ्ना निकट सहयोगी कुमार व्यञ्जनकारको ललितपुर कुपण्डोलस्थित निवासमा पछिल्लो दुई दिनदेखि निरन्तर राजनीतिक संवाद गरिरहेका मेयर बालेनले आफू संसदीय राजनीतिमा प्रवेश गरेको प्रस्ट सन्देश मात्र दिएका छैनन्, सबै नयाँ शक्ति मिलेर एकीकृत रूपले चुनाव लड्न आह्वान पनि गरेका छन् ।

'म अब सक्रिय राजनीतिमा आएँ, हामी सबै मिलेर चुनावमा जाऔं ।'- बालेनसँग विभिन्न चरणको छलफलमा सहभागी एक नेताले उनको भनाइ उद्धृत गर्दै भने ।

बालेनले भेटवार्तामा डाकेका जेनजी प्रतिनिधि र नेताहरूलाई राजनीतिक अभियानमा 'तपाईंहरू मलाई साथ दिनुहुन्छ नि' भनेर सोध्ने गरेको ती नेताले जानकारी दिए ।

उनका अनुसार बालेन विभिन्न दलका नेता, जेनजी प्रतिनिधि र पूर्व विवेकशील साझाका नेतालाई 'देश विकास पार्टी' मा जोड्ने र त्यही पार्टीमार्फत् आगामी निर्वाचनमा देशव्यापी उम्मेदवारी दिने तयारीमा छन् ।

'म त एउटा निर्वाचन क्षेत्रमा चुनाव उठूँला, तर म मात्र उठें भने केही परिवर्तन ल्याउन सकिँदैन । मलाई बाँकी १६४ सिटमा चुनाव उठ्ने मान्छे चाहिएको छ । समानुपातिक सिटका लागि पनि थप मान्छे चाहिएको छ । यसका लागि मलाई यो अभियानमा जोडिन सक्ने वा जोडिन चाहने सबैको साथ र सहयोग चाहिएको छ ।'-बालेनले भेटवार्ता क्रममा भन्ने गरेका छन् ।

यही उद्देश्यका साथ उनी सबै पक्षसँग निरन्तर छलफलमा जुटेको ती नेताले जानकारी दिए । भेटवार्तामा सामेल पूर्व विवेकशील साझाका नेता मिलन पाण्डेले आसन्न निर्वाचनलाई लक्ष्य गरेर बालेन सक्रिय राजनीतिमा आउन विभिन्न समूहसँग गम्भीर छलफलमा जुटेको पुष्टि गरे । पछिल्लो दुई दिनमा दुईचोटि बालेनसँग भेटवार्ता गरिसकेका पाण्डेले भने-'बालेनजीसँग पछिल्लो समय भएका भेटवार्ता अनुसार राजनीति अगाडि बढ्यो भने देशका लागि राम्रो हुन्छ, उहाँले जेनजी प्रतिनिधि, विवेकशील साझालगायत नयाँ र पुराना सबै शक्तिसँग भेटघाट तीव्र पार्नुभएको छ । त्यो भेटघाटमा सबैलाई संयोजन गरेर लैजान म आफू पनि सहजकर्ताको भूमिका खेलिरहेको छु ।'

ती सबै शक्तिसँगको भेटघाट सौहार्द्ध रूपमा अघि बढेको उल्लेख गर्दै पाण्डेले केही दिनमा ठोस परिणाम निस्कने आशा व्यक्त गरे । बालेनले छलफललाई तीव्रता दिनुको एउटा मुख्य कारण समानुपातिक सूची बुझाउने दिन नजिक आएकाले पनि हो। समानुपातिकको बन्दसूची यही पुस १३ र १४ गते निर्वाचन आयोगमा बुझाउनुपर्नेछ। यसका लागि देश विकास पार्टीले शनिबारसम्म ११० क्षेत्रका उम्मेदवार तय गरेर आयोगमा सूची बुझाउने तयारी भइरहेको स्रोतले जानकारी दियो ।

बालेनले बिहीबार पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईसँग भेटवार्ता गरेका छन् । मेयर शाहलाई भेट्न भट्टराई अपराह्न ४ बजेर ललितपुरस्थित छलफल स्थल पुगेका हुन् ।

बालेनले बिहीबार नै रास्वपा सभापति रवि लाछिने र रास्वपाकै नेता शिरि खनालसंग छुट्टाछुट्टै भेटवार्ता गरेका छन् ।

यस्तै नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी, सुनिल शर्मा, नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानेन्द्र शाही, जनमत पार्टीका सिके राउत, चिकित्सक डा. भगवान कोइराला र जेनजी अभियानका रक्षा बम, सागर ढकाल, केपी खनाल, अभिनेता निश्चल बस्नेतलगायतसँग छलफल गरेका छन् ।

त्यसैमध्ये बालेनसँग भेटवार्ता गरेका एक नेताले ऊर्जामन्त्री कुलमान घिसिङसँग एक भएर अघि बढ्ने कुरा पनि लगभग टुंगो लागिसकेको जानकारी दिए ।

भेटवार्ता क्रममा घिसिङबारे कुरा उठ्दा बालेनले भनेका थिए-'कुलमानजी हामी सँगै हो । उहाँको बारेमा चिन्ता नलिनू। हामी एकै हौं ।'

घिसिङ निकट उज्यालो नेपाल पार्टी निर्वाचन आयोगमा दर्ता भइसकेको छ । यो अवस्थामा उज्यालो नेपाल र देश विकास पार्टीले चुनावी समीकरण मात्र गर्ने हो कि कसरी अघि बढ्ने हो भनेर प्रश्न गर्दा ती नेताले भने- 'जे पनि हुन सक्छ । उज्यालो नेपाल पार्टीलाई निष्क्रिय बनाएर कुलमानजी नै देश विकास पार्टीमा सामेल हुने कुरा पनि भइरहेको छ ।

» बाँकी ३ पेजमा...

## सोमबार बयान दिन्छु : लेखक



बुटवल । निवर्तमान गृहमन्त्री रमेश लेखकले आफू जाँचबुझ आयोगमा बयान दिन जाने बताएका छन् ।

बिहीबार केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सोमबार जाँचबुझ आयोगमा बयानका लागि जाने बताएका हुन् ।

'भाद्र २३ र २४ गतेको घटनाबारेमा जाँचबुझ गर्न गठित आयोगले मलाई घटनाबारे जानकारी लिन बोलाएको छ । मैले सोमबार आयोगमा जाने निर्णय गरेको छु ।'- लेखकले भने ।

उनले शुक्रबारका लागि आयोगले बोलाएको तर आफू सोमबारमात्रै जाने बताए ।

'उहाँहरूले शुक्रबारलाईबोलाउनुभएको रहेछ । मैले सोमबार आउँछु भनेको छु । १४ गते सोमबार म जान्छु ।' - लेखकले भने ।


**हार्दिक बधाई तथा शुभकामना**

३८ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय**
बुटवल-११, देवीनगर, रुपन्देही

**हार्दिक बधाई तथा शुभकामना**

३८ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**बुष्टर इण्डष्ट्रिज प्रा.लि.**
सियारी -१, चिलीया, रुपन्देही

दैनिक लुम्बिनी

## सम्पादकीय

# चुनावी माहौल बनाऊ

प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरु फागुन २१ मै चुनाव हुने दिनहुँ बताइरहेका छन् । चुनाव हुन्छ भनेर विश्वास प्रधानमन्त्री र मन्त्रीहरुले गर्ने भाषणले होइन्, त्यसका निम्ति चुनाव हुने विश्वास जगाउन सक्नुपर्छ । चुनावका लागि राजनैतिक दल विश्वस्त हुन सकिरहेका छैनन् । समाजमा बढ्दो अराजकता नियन्त्रण गर्न सरकार बेवास्ता गरिरहेका बेला चुनाव तोकिएकै मितिमा हुन्छ भनेर विश्वास गर्न सकिन्न ।

यो सरकार भदौ २३ र २४ गतेको जेन जी आन्दोलन र विध्वंशको बलमा गठन भएको हो । सरकार गठन भए लगत्तै संसद विघटन भयो र चुनावको मिति घोषणा भयो । त्यसपछि सुरक्षा निकायलाई आडभरोसा दिएर चुनावमा परिचालन गर्नुपर्नेमा सरकार सुरक्षा निकायको अभिभावक बन्न सकेन् । जेनजी आन्दोलनका क्रममा प्रहरीका लुटिएका हतियार फिर्ता भएका छैनन् । आगजनी भएका गाडीले प्रहरी साधनस्रोतविहीन भएको छ । आगजनी र लुटपाट गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने प्रहरी नेतृत्वको धारणामा गृहमन्त्री अनुदार बन्दा प्रहरीको मनोबल गिरेको छ । गिरेको मनोबललाई उकास्ने काम सरकारको हो । प्रहरीको गिरेको मनोबललाई उकास्न पटक्कै ध्यान नदिने मन्त्रीहरुले चुनाव तोकिएकै मितिमा हुने विश्वास दिलाउन खोज्नुले झनै आशंका र अविश्वास जगाएको छ ।

राजनैतिक दलहरुसँग पटक्कै संवाद गर्न रूची नदेखाएकी प्रधानमन्त्री कार्कीले सुरुवात गरेकी छिन् । शीर्ष नेतृत्वसँग छलफलमा बस्न राष्ट्रपतिले पहलकदमी लिनुपर्‍यो । अहिलेका मुलधारका राजनैतिक दल तयार नभई मुलुकमा चुनावको माहौल पटक्कै बन्न सक्तैन् । अर्को वैधानिक आधार तयार नहुँदासम्म अहिले कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टीलगायत दल नै मूलधारका दल हुन् । उनीहरुलाई किनारामा धकेलेर चुनाव गराउने सरकारको सपना साकार हुँदैन नै, अहिलेको चालढालले फागुन २१ मा हुने चुनाव भयरहित र निष्पक्ष हुन्छ भनेर विश्वास गर्न सकिन्न । चुनावका लागि मन्त्रीका भाषण होइन्, चुनावको वातावरणका लागि विश्वास जगाउने काम गर्न ध्यान दिनुपर्छ ।

पूर्व प्रधानमन्त्री केपी ओलीसहितलाई लगाइएको स्थानहद कायमै छ । जेनजीका नाममा समाजमा बढेको अराजकता रोक्न सरकारको गंभीरता छैन् । यस्तो बेला चुनाव हुन्छ भन्ने विश्वास जाग्न सक्तैन् । चुनाव नहुँदा झनै संकट बढ्ने जोखिम पनि छँदैछ, त्यो संकट सामना गर्न र त्यो संकटतर्फको यात्रा रोक्नका लागि सरकारले राजनैतिक दलसँग सार्थक संवाद र सहकार्य गर्न अपरिहार्य छ । राजनैतिक दलसँगको संवाद र सहकार्य जति घनिभूत हुन आवश्यक छ, खस्केको प्रहरीको मनोबल उकास्न उत्तिकै जरूरी छ । संसद विघटन असंवैधानिक भन्दै परेको रिटको टुंगो लाग्दा मात्रै चुनावको वैधानिक आधार तयार हुन्छ । अदालतमा प्रवेश गरेको विषयको टुंगो नलाग्दासम्म चुनावको माहौल बन्दैन् । अदालतले रिटको टुंगो लगाउँदै जान्छ, तर सरकारले आन्तरिक तयारीलाई तीव्र बनाएर विश्वासिलो आधार तयार गर्न सक्नुपर्छ ।

# २६ डिसेम्बर क.माओको जन्म दिन





**विन बहादुर कुँवर**

*क.माओ चिनियाँ सर्वहारा कम्युनिष्ट क्रान्तिको योद्धा र नेता मात्र नभएर विश्व सर्वहारा कम्युनिष्ट क्रान्तिका महान नेता र योद्धा पनि हुनुहुन्छ । त्यसैले अहिले विश्वमा मार्क्सवाद-लेनिनवाद मात्रै नभएर माओवादलाई समेत विश्व सर्वहारा मार्क्सवादी-लेनिनवादी क्रान्तिको मुख्य पथप्रदर्शक सिद्धान्तको रुपमा माओवादलाई लिन थालिएको छ ।*

आज २६ डिसेम्बर अर्थात् पौष ११ चिनियाँ कम्युनिष्ट पार्टीका संस्थापक नेता तथा चिनियाँ सर्वहारा विश्व क्रान्तिका महान क्रान्तिकारी योद्धा क. माउत्सेतुङको जन्म दिन हो । उहाँको जन्म २६ डिसेम्बर १८९३ मा चीनको हुवान प्रान्तमा भएको थियो । क.माओ चिनियाँ सर्वहारा कम्युनिष्ट क्रान्तिको योद्धा र नेता मात्र नभएर विश्व सर्वहारा कम्युनिष्ट क्रान्तिका महान नेता र योद्धा पनि हुनुहुन्छ । त्यसैले अहिले विश्वमा मार्क्सवाद-लेनिनवाद मात्रै नभएर माओवादलाई समेत विश्व सर्वहारा मार्क्सवादी- लेनिनवादी क्रान्तिको मुख्य पथप्रदर्शक सिद्धान्तको रुपमा माओवादलाई लिन थालिएको छ । महान सर्वहारा क्रान्तिको ५०औं वर्ष गाँठको अवसरमा विश्वका ५० भन्दा बढी माओवादी कम्युनिष्ट पार्टीको संयुक्त वक्तव्यमा माओवाद-जिन्दावाद भन्दै विश्वव्यापी रुपमा आह्वान गरिएको छ । 'विश्व भरका कम्युनिष्टहरुले साम्राज्यवाद विरोधी युद्ध कार्यसित आफ्नो भूमिका अंगाल्नु पर्दछ, त्यसरी नै साम्राज्यवादलाई संसारबाटै लखट्दै र विश्व सर्वहारा क्रान्तिको नयाँ महान लहर निर्माण गर्ने पथप्रदर्शक सिद्धान्तको रुपमा माओवादलाई सिरोपर गर्नु पर्दछ । माओवादी कमाण्डमा संसारबाटै साम्राज्यवादलाई लखट्ने सर्वहारा विश्व क्रान्तिको पथ प्रर्दशक सिद्धान्तको रुपमा राख्ने संघर्षको सुरु गर्दै विश्वमा भएका मार्क्सवादी-लेनिनवादी-माओवादीकम्युनिष्ट पार्टीको निर्माण र पुनर्निर्माणसम्बन्धी बाँकी रहेको र ढिलो भइसकेको कार्य सम्पन्न गर्नका लागि जुन चुनौती छ, त्यो पूरा गर्नु हो र त्यसरी नै जति धेरै देशहरुमा सम्भव हुन्छ त्यति धेरै देशहरुमा जनयुद्ध सञ्चालन गर्नु हो ।'

यसरी क. माओ र उहाँले प्रतिवादन गरेको माओवाद आज विश्वव्यापी सर्वहारा क्रान्तिको मूल बाटो बनेको छ । तर नेपालका माओवादीहरुले भने यसलाई छोड्दै जान थालेका छन् । यही माओवादी लाइनका आधारमा गरिएको १० वर्षे माओवादी जनयुद्धविपरीत यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताअन्तर्गत कथित समाजवादको नारा फलाक्दै छन् । जबकि हिजो अर्थात् २०५२ साल फागुन १ गते यही माओवादी जनयुद्धको ऐतिहासिक थालनीका लागि पहिलो योजनाको प्रस्तावको तेस्रो बुँदामा यो भनिएको थियो । 'एक पटक हतियार उठाएपछि त्यसलाई अन्तिमसम्म लैजाने दृढता विना सशस्त्र संघर्ष थालनी गर्नु सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने प्रतिक्रियावादी वर्गलाई दबाब दिई सामान्य सम्झौतामा टुंगाउने साधन बन्न कदापि दिइने छैन ।' यस अर्थमा तत्कालीन माओवादी नेतृत्व खासगरी प्रचण्ड-बाबुराम-बादल र विप्लवहरुले माथि भने जस्तै सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध गरेका छन् । बाबुरामले त माओवाद मात्रै होइन सर्वहारा वर्गीय कम्युनिष्ट पार्टी नै परित्याग गर्दै दलाल पूँजीवादी नै बनिसकेका छन् भने प्रचण्ड-बादलहरु एमाले पिछलग्गु बन्दै हिडिरहेका छन् ।

त्यस्तै नयाँ साधुले धेरै खरानी घस्दै हिंडे जस्तै विप्लव कम्युनिष्ट पार्टीले पनि अहिले कमलको फूल चुनावी चिन्ह लिई यही सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता अन्तर्गतको संसदीय निर्वाचनका लागि मरिहत्ते नै गर्न थालिसकेको छ । प्रचण्ड जस्तै प्रधानमन्त्री नै बन्ने नेत्रविक्रम चन्दले सपना देख्दै छन् । पहिलो अपराध त प्रचण्ड-बाबुराम र बादलहरुले १२ बुँदे दिल्ली सम्झौता गरी १० वर्षे माओवादी जनयुद्धको गला रेटेर गरे । तर यसको विरोध गर्दै पुनः एकीकृत जनक्रान्तिको नाममा विप्लवले गरेको दुई वर्षे युद्धप्रति अहिले अर्को अपराध गर्दैछन् विप्लवले । यदि यस्तै राज्य सत्ताअन्तर्गतकै संसदीय निर्वाचनमा नै जानु थियो भने फेरि त्यो जनविद्रोह र युद्ध किन ? त्यतिबेलै प्रचण्ड-बाबुरामकै गोडा मोली चुनावी अभियानअन्तर्गत सांसद बनेर मन्त्री नै बनिसकेको भए भइहाल्थ्यो । बेकार जनतालाई सास्ती र अर्को सहिदको खेती ?

आज क. माओको जन्म दिनको यो अवसरमा अहिले हाम्रो देशको यो तत्कालीन परिस्थितिअन्तर्गत क. माओलाई सम्झिदा अझ धेरै सान्दर्भिक भएको छ । क. माओले चिनियाँ क्रान्तिका लागि संयुक्त मोर्चाको नीति अघि सार्नु भयो । जापानिज साम्राज्यवादका विरुद्ध लडनका लागि कोमिङताङ पार्टीसँग सहकार्य गर्नु भयो । त्यति मात्रै होइन तत्कालीन शासक चाङकाईसँग समेत संयुक्त सरकारको नीति अगाडि बढाउनु भयो । मिलिजुली संयुक्त सरकारको नीति अघि सार्नु भयो । जुन अवस्था अहिले हाम्रो देशमा देखिंदैछ त्यसका लागि यो क. माओको संयुक्त मोर्चा अनि संयुक्त मिलिजुली सरकारको नारा अत्यन्त उपयुक्त हुने देखिंदैछ । खासगरी गत भाद्र २३ र २४ मा भएको जेनजीहरुको आन्दोलनले नेपालको राजनीतिक मोड नै बदलिएको छ । साम्राज्यवादी हस्तक्षेप एकदमै बढेर गएको छ । जेनजीको नाममा साम्राज्यवादी दलालहरु सक्रिय भइरहेका छन् । एक प्रकारले नेपालको पुरानो सत्तालाई नै साम्राज्यवादीहरुले आफ्नो बनाइसकेका छन् । सरकार नै जेनजीहरुको बनेको छ । यो अवस्थामा देशको राष्ट्रियता र स्वाभिमान प्रमुख बनेको छ । त्यसैले क. माओको संयुक्त मोर्चाको नीति नेपालमा पनि जरुरी भइसकेको छ । त्यसका लागि क.माओले भनेको तीन जादुगरी हतियार पहिलो एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी दोस्रो जनसेना र तेस्रो क्रान्तिकारी मोर्चा नेपालको सन्दर्भमा पनि एकदमै जरुरी भएको छ ।

त्यसैले अन्त्यमा आजको यो क. माओत्सेतुङको जन्म दिनको अवसरमा उहाँप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जलीसहित लाल सलाम दिँदै साम्राज्यवादबारेमा क. माओले भन्नुभएको केही अंशसहित यो लेखको अन्त्य गर्न चाहन्छु-'संसारभरिकासाम्राज्यवादीहरु र सबै प्रतिक्रियावादीहरुले जनताका कार्यबारे लिने तर्क हो खलबल्याउनु, असफल, फेरि खलबल्याउनु फेरि असफल जबसम्म आफ्नो अन्तिम अवस्थामा आइपुग्दैन र उनीहरु कहिल्यै यस नीतिभन्दा बाहिर जाँदैनन् । यो नियम हो । साम्राराज्य नियम हो । साम्राज्यवाद मापाको हुन्छ । यसको तात्पर्य के हुन्छ भने यसको स्वभाव कहिल्यै फेरिने छैन, साम्राज्यवादीहरुले आफ्नो बगरे चुप्पी कहिल्यै भुईमा राख्ने छैनन् । अन्तिम समयसम्म पनि उनीहरु कहिल्यै बुद्ध हुने छैनन् । यसमा जनताको तर्क चाहिं हो संघर्ष गर्नु असफल फेरि संघर्ष गर्नु फेरि असफल विजय प्राप्त नगरुन्जेल संघर्ष गरिरहनु र उनीहरु पनि यो नीति बाहिर कहिल्यै जाने होइन । यो अर्को मार्क्सवादी नियम हो । रसियाली जनताको क्रान्ति यही नीति अनुसार चलेको थियो र चिनियाँ जनताको क्रान्ति पनि यसै नियमलाई मानेर चलेको छ ।' ठीक यसरी नै नेपाली जनताको क्रान्ति पनि अघि बढ्ने छ ।

# स्वास्थ्यमा एआई : रिझाउला कि बिझाउला ?

**डा.सुवास प्याकुरेल**

हर व्यक्तिको मुखमै झुण्डिएको शब्द 'एआई' (आर्टिफिसियल इन्टेलिजेन्स) सम्बन्धमा जति आशा र अवसरको चित्र कोरिएको छ, उति नै संशय र सतर्कताको लेन्स पनि तेर्सिएको छ । हर सन्दर्भ, हर समस्या र हर समयमा 'एआई' को सम्झना आउनुले यसको महत्व झल्काएको छ । युभल नोहा हरारीजस्ता विश्वप्रसिद्ध दार्शनिक लेखक र 'एआई' कै गडफादरका रूपमा चर्चित नोबेल पुरस्कार विजेता जेफ्री हिन्टनले समेत 'एआई' माथि आशंकाका शब्दहरू खन्याइदिँदा यस सम्बन्धमा आम मानिसले बुझेका 'मानिसको रोजगारी खोसिदिन्छ', 'एआईले आफूभन्दा विकसित सिन्थेटिक इन्टेलिजेन्स र सुपर इन्टेलिजेन्स विकास गरेर प्रकारान्तरमा मान्छेलाई नै टक्कर दिन्छ रे' भन्ने बुझाइमा मलजल हुने नै भयो। वास्तविकता के हो, कसो हो, यसै भन्न सकिँदैन । कुरो रह्यो–स्वास्थ्यका सवालमा 'एआई' ले हामीलाई रिझाउला कि बिझाउला त ?

**स्वास्थ्य क्षेत्रमा 'एआई' कत्तिको 'म्याच' हुन्छ ?**

चिकित्सा जगतका केही प्रकृति र विकृति नै यस्ता छन् कि लाग्छ-'एआई' जस्तो प्रविधि नभएर यो क्षेत्र रुखिखएको थियो । धेरैभन्दा धेरै तथ्यांक उत्सर्जन हुनु, धेरैथरी सरोकारवाला भएर बृहत 'इकोसिस्टम' हुनु, धेरैथरी नियामक हुनु, धेरै विशेषज्ञता र विशेषता हुनु, भएजति सबै मानिस नै यस क्षेत्रका उपभोक्ता हुनु, तथ्यांकलाई एक ठाउँबाट अर्को ठाउँमा सारफेर गर्नुपर्ने आवश्यकता हुनु, मानव जीवनसँग जोडिएको कारण सेवाको छिटो, छरितो र न्यून खर्चमा प्रवाहको माग हुनुजस्ता कारणले स्वास्थ्य क्षेत्र 'एआई' सुहाउँदो क्षेत्रमा पर्न आउँछ । उसैपनि समग्र मानव-उत्सर्जित तथ्यांकको कुल भण्डारणमा स्वास्थ्य क्षेत्रकै करिब १० प्रतिशत हाराहारी हिस्सा हुनुबाट पनि यो क्षेत्र 'एआई' का लागि उर्वर रहेको बुझिन्छ ।

**उपचारात्मक सेवामा 'एआई' ले कहाँ–कहाँ ठाउँ भेट्छ ?**

चिकित्सक वा स्वास्थ्यकर्मीले आरामले 'हिस्ट्री' लिइरहँदा 'भ्वाइस टु टेक्स्ट' विधिले भनेझैं मेडिकल रेकर्ड तयार गरिदिनु, छुटेका प्रश्न अलर्ट गराइदिनु, आवश्यक शारीरिक जाँच सुझाइदिनु, सम्भावित 'डायग्नोसिस' सम्झाइदिनु, ल्याब जाँचको सूची र सेड्युल बताइदिनु, रेडियोलोजी वा ईसीजीमा प्रिसिजन र एक्युरेसीसहित रोग पत्ता लगाइदिनु, एक वचनमै वा एक क्लिकमै प्रेस्क्रिप्सन तयार गरिदिनु, भर्ना वा शल्यक्रियाको आवश्यकता बताइदिनु, उपचार



सफलताको सम्भावना (प्रोग्नोसिस) आकलन गर्नुजस्ता धेरै कदममा 'एआई' सहयोगी बन्न सक्छ । खोकीको आवाज वा सास फेर्ने तरिका नियालेर आफैं रोग सुझाइदिने विधि समेत विकास भइसकेका छन् । त्यस्तै 'नेनो टेक्नोलोजी' जस्ता नयाँ प्रविधिमा माइक्रो चिप्समार्फत् क्यान्सर भएका कोषिका पहिचान गरी आवश्यक कारबाही गर्ने 'थेराग्नोस्टिक' (डायग्नोसिस र थेरापीको मिश्रित शब्द) वा क्यान्सर हुने सम्भावित कोषिकालाई पहिले नै तह लगाउने 'प्रेडिक्टिभ ट्रीटमेन्ट' सम्ममा पनि 'एआई' को भूमिका देखिन थालेको छ ।

**के अब 'एआई' ले चिकित्साकर्मीको भूमिकामा धावा बोल्ला त ?**

स्वास्थ्य क्षेत्रमा 'एआई' राम्रो सहायक बन्न सक्छ । हर विधामा यसको कुनै न कुनै तहको महत्व प्रष्ट भइसकेको छ । विकसित मुलुकहरूमा बिरामी र आम उपभोक्ताको पक्षमा पनि 'भर्चुअल हेल्थ असिस्टेन्ट' जस्ता 'एआई एजेन्ट' ले धेरै समाधान घरमै उपलब्ध गराउने अवस्था बनाएका छन् । 'आईओएमटी' अर्थात् 'इन्टरनेट अफ मेडिकल थिङ्स' को अवधारणाले आफैं स्वास्थ्य स्क्रिनिङ गर्न सकिने अवस्था सिर्जना गरेको छ । तर त्यसो भन्दैमा स्वास्थ्य क्षेत्रमा 'एआई' ले चिकित्सक विस्थापित गर्ने, अस्पताल सुकाइदिने जस्ता सम्भावनाहरू केवल दुष्प्रचार मात्र देखिन्छन् । विभिन्न अध्ययनहरूलाई हेर्दा पनि यस्ता आशंका टिकाउ देखिँदैनन् । स्वास्थ्यसम्बन्धी तथ्यांक एकनासको नभई विविध हुने भएकाले 'एआई' लाई जुनसुकै मोडलमा 'ट्रेन' गरे पनि सम्पूर्ण शृंखला जादुमय तरिकाले जिम्मा लिन कठिन देखिन्छ । त्यसैगरी, स्वास्थ्योपचारमा जवाफदेहिता र कडा नियमन रहने भएकाले पनि यस्तो सम्भावना कमजोर हुन्छ । 'मैले होइन, एआईले हो' भनेर जस-अपजस उता तेर्स्याउन सजिलो छैन । सबैभन्दा मुख्य कुरा–स्वास्थ्य भनेको मानवीय संवेदना, सुझबुझ, अन्तर-विभागीय छलफल र सेकेन्ड ओपिनियन हावी हुने क्षेत्र भएकाले 'एआई' आएर यसलाई 'डिह्युमनाइज' गरेको स्वीकार्य नहुने देखिन्छ ।

**उसो भए स्वास्थ्यमा 'एआई' ले रिझाउला कि बिझाउला त ?**

'एआई' ले जति डंका पिटे पनि, जति यसबारे अफवाह फैलिए पनि, यसले स्वास्थ्य क्षेत्रलाई मानव स्रोतविहीन बनाउने, स्वास्थ्यकर्मीलाई हायलकायल पार्ने, निर्णय उल्ट्याइदिने वा बिगार गर्ने सम्भावना न्यून छ । 'एआई' ले बरु एकनासका डेटा र पूर्णरूपमा गणितीय निर्णय प्रक्रियामा आधारित हवाई उड्डयन वा बैंकिङ क्षेत्रलाई मानवरहित बनाउन सक्ला, तर स्वास्थ्य क्षेत्रमा भने एक सच्चा साथी वा सल्लाहकारको भूमिका खेल्न सक्छ–तर कुनै अकल्पनीय संकट सिर्जना गर्न सक्दैन । अर्थात्, 'एआई' ले स्वास्थ्य क्षेत्रलाई रिझाउने देखिन्छ, बिझाउने देखिँदैन ।

# स्कलर्स होम १२औं क्वीजको उपाधि ग्रीनप्लान्टलाई




बुटवल । बुटवलको स्कलर्स होम सेकेण्डरी स्कुलको आयोजनामा भएको १२औं जिल्लास्तरीय अन्तरविद्यालय रनिङ शिल्ड हाजिरीजवाफ प्रतियोगिताको उपाधि ग्रिन प्लान्ट स्कुलले जितेको छ ।

विहिबार विद्यालयले ३४औं वार्षिकोत्सवको अवसर पारेर बिहीबार आयोजना गरेको उक्त प्रतियोगिता ग्रिन प्लान्टले जितेको हो । जितसँगै उसले १० हजार रुपैयाँ, शिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गरेको छ ।

यस्तै प्रतियोगितामा अक्सफोर्ड मावि दोस्रो र सेभेन स्टार स्कुल तृतीय भए । उनीहरुले क्रमशः ७ हजार ५००, तृतीयलाई ४ हजार ५०० रुपैयाँ प्राप्त गरेको कार्यक्रम संयोजक नेत्र भट्टराईले बताए ।

प्रतियोगितामा जिल्ला भरबाट गरी ४४ वटा विद्यालयहरुको सहभागिता रहेको थियो । सहभागि मध्य एभरेष्ट, बुद्ध पब्लिक, अक्सफोर्ड, ग्रिन प्लान्ट, सेभेन स्टार ग्यालेक्सीले सेलेक्सन राउण्ड पार गर्न सफल भएका थिए ।

प्रतियोगिताको जिल्ला शिक्षा समन्वय एकाई रुपन्देहीका प्रमुख विष्णुप्रसाद पन्थीले उद्घाटन गरेका थिए । सो अवसरमा बोल्दै उनले विद्यार्थीलाई विश्वमा भएका पछिल्ला घटनाक्रम जानकारी गराउन हाजिरीजवाफ प्रतियोगिताले विद्यार्थीहरुलाई विशेष सहयोग पुराउने बताए ।

विद्यालयका प्राचार्य बाबुराम बन्जाडेले विद्यार्थीहरु किताबी ज्ञानसँगै आइक्यु, जिकेलगायतमा पनि अब्बल हुनु आवश्यक रहेको बताए । आइक्यु, जिकेमा अब्बल भए लोकसेवा लगायतका परीक्षामा समेत उत्तीर्ण हुन सहज हुने बताए । विद्यालयका अध्यक्ष मनहरि बस्यालले विद्यार्थीहरुलाई आफ्नो बौद्धिक ज्ञानको परीक्षण गर्ने मौका मिलोस् भन्ने उद्देश्यका साथ विद्यालयले अन्तरविद्यालय हाजिरिजवाफ प्रतियोगितालाई निरन्तरता दिएको बताए ।

कार्यक्रममा एनप्याब्सनका केन्द्रीय सल्लाहकार राजु गुरुङ, अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवालीले यस प्रकारका प्रतियोगिता आयोजना गर्दा विद्यालयहरु विच आत्मिय सम्बन्ध प्रगाढ हुने बताए । कार्यक्रम लेखा प्रमुख लोकप्रसाद भण्डारीको संचालन र कार्यक्रम संयोजक नेत्र भट्टराईको स्वागत मन्तव्यमा सम्पन्न भएको थियो । स्कलर्स होम सेकेण्डरी स्कुलले आफ्नो ३४औं वार्षिकोत्सव शुक्रबार विशेष कार्यक्रमको आयोजना गरी मनाउँदै छ । विद्यालयले वार्षिकोत्वसको अवसरमा विभिन्न २८ विधामा खेलकुदका कार्यक्रम सम्पन्न समेत गरिसकेको छ । ३ वटा ब्लकमा सञ्चालनमा रहेको स्कर्लस होम स्कुलमा अहिले १५०० भन्दा धेरै विद्यार्थीहरु छन् भने १२० बढी शिक्षक कर्मचारी रहेका छन् ।

# 'स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनुपर्छ'




बुटवल । लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिएका छन् । बुटवलमा गौतमबुद्ध सामुदायिक स्वास्थ्य संस्थाको १३औं वार्षिक साधारणसभामा बोल्दै मन्त्री सारुले स्वास्थ्य सेवामा पहुँच मात्र नभई गुणस्तरीयता पनि हुनुपर्नेमा जोड दिए । स्वास्थ्य सेवा गुणस्तरीय भएमा मात्र नागरिकको जीवन बाच्ने भन्दै गुणस्तरिय सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुलाई आग्रह गरे । त्यस्तै मन्त्री सारुले रुपन्देही हेल्थ टुरिजमको रुपमा गुल्जार समेत हुँदै गएको बताए ।

रुपन्देहीमा रहेका स्वास्थ्य संस्थाहरुले दिने सेवा प्रभावकै कारण धेरै जनताले लाभ लिएको बताउँदै रुपन्देही अब स्वास्थ्य पर्यटनको रुपमा विकासित भएको जनाए ।

बुटवलमा निर्माणधिन लुम्बिनी प्रादेशिक अस्पतालको निर्माण कार्य यस वर्ष ४५ प्रतिशत पुग्ने बताउँदै प्रादेशिक अस्पतालमा सुरु हुने विशिष्टकृत गुणस्तरिय सेवाले रुपन्देही स्वास्थ्यको हव बन्ने बताए । उनले प्रादेशिक अस्पतालका लागि यस वर्षमा आवश्यक १ अर्ब ६ करोड रुपैयां व्यवस्थापन गरेर अस्पताल निर्धारित समयमै सकिने विश्वास समेत व्यक्त गरे ।

सेवा प्रदायक स्वास्थ्य संस्थालाई मन्त्रालयको तर्फबाट सहयोग गर्न नपाएको स्मरण गर्दै मन्त्री सारुले आगमी वर्षको बजेटबाट सेवा प्रदायक स्वास्थ्य संस्थालाई सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका पूर्व स्वास्थ्यमन्त्री भोजप्रसाद श्रेष्ठले नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेपनि बजेट नदिँदा स्वास्थ्य क्षेत्रमा परिणामुखी उपलब्धी हासिल हुन नसकेको बताए ।

त्यस्तै पूर्व स्वास्थ्यमन्त्री विष्णु पन्थीले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन राज्यले लगानी गर्नुपर्ने जनाए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेले मुटु अस्पतालका लागि आवश्यक जग्गा बुटवल भित्रै खोजी हुनुपर्ने बताउँदै अस्पताललाई बुटवल बाहिर जान नदिने आफूहरुको चाहना रहेको उल्लेख गरे ।

कार्यक्रममा उप-महागनरपालिकाकी उप-प्रमुख सावित्रा अर्याल, रोटरी ३२८२ नेपाल भुटानका अध्यक्ष राजेन्द्र ध्वजु, रुपन्देही उद्योग संघका अध्यक्ष कृष्ण पराजुली, पश्चिम नेपाल बस व्यवसायी प्रा.लिका अध्यक्ष दधिराम खरेल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेलगायतले बोलेका थिए ।

कार्यक्रममा अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष एजाज आलमले यस अस्पतालले स्थापनाको १२ बर्षमा ४ लाख १६ हजारले ओपिडिबाट सेवा लिएको बताए । त्यस्तै उनले अस्पतालको भवन निर्माणका लागि पहल गरिरहे पनि सार्थक बन्न नसकेको जनाए । अस्पतालका निर्देशक डा. समिर गौतमले अव्यवस्थित खानपिन र मानिसको लापरबाहीले मुटुका रोगीहरु बढ्दै भन्दै नियमित चेकजांज गर्न सबैलाई आग्रह गरे ।

कार्यक्रममा दशक सम्मानबाट मोहन बेल्बासे र दिपककुमारी चौधरी थारुलाई नगद र प्रमाणपत्रसहित सम्मान गरिएको थियो । त्यस्तै निरज राना, हरियामा थापा, कृष कार्की, पुष्पा घिमिरे, डा. दिपक शर्मा, विष्णु बहादुर सारु, अर्जुन केवट र प्रेम आलेलाई उत्कृष्ट कर्मचारीको रुपमा नगद र प्रमाणसहित सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन सचिव बावुराम बोहोराले गरेका थिए ।

# गाईभैंसीमा अल्ट्रासाउण्डद्वारा गर्भ परीक्षण



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा पूर्वखोला गाउँपालिकाका वडा नं. ३ की कृषक उषा खनालले आउने ९ महिना अगावैको कुरा आजै थाहा पाइन । उच्च प्रविधिको कारण कृषक खनालले ९ महिना अगावैको कुरा आजै जानकारी पाएकी हुन् । ९ महिना अगावै जानकारी पाउँदा उनको लाखौ रुपैयाँ नोक्सान हुनबाट बचेको छ । नयाँ प्रविधि प्रयोगमा आएपछि पाल्पाको पूर्वखोला गाउँपालिकाका कृषकहरूलाई ठूलो आर्थिक क्षति हुनबाट जोगाएको छ ।

पूर्वखोला गाउँपालिकाले हेफर इन्टरनेसनल नेपालको प्राविधिक सहयोग र समाजउत्थान सहयोग पाल्पाको समन्वयमा पूर्वखोला कृषि तथा पशु विकास परियोजना मार्फत गाई भैंसीमा देखिएको प्रजनन् विकृति र बाझोपन निवारण शिविर सञ्चालन गरेको हो ।

यो अभियानले पशुपालक कृषकहरुमा ठूलो उत्साह जगाएको छ । परियोजनामार्फत् पूर्वखोला गाउँपालिकाका कृषकले आफ्नै घरगोठमै आधुनिक अल्ट्रासाउन्ड प्रविधिबाट निःशुल्क रुपमा गाई भैंसीको गर्भ परिक्षण गराउने अवसर पाएका हुन् ।

आधुनिक प्रविधिको प्रयोगले पशुपालक कृषकको जीवनयापन सहज बनाएको छ । प्रविधिको प्रयोगले हामी पूर्वखोलाका कृषकको दैनिक काममा मात्र होइन, भविष्यमा आउन सक्ने जोखिम समेत पहिल्यै पहिचान गरी न्यूनीकरण गर्न सहयोग पुऱ्याएको भैंसीपालक कृषक एवं पूर्वखोला गाउँपालिकाका वडा नं. ३ का वडाध्यक्ष कृष्णप्रसाद भट्टराईले बताए ।

'पहिले, पहिले ९ महिनापछि मात्र थाहा हुने गाई-भैँसीको गर्भ अवस्था प्रविधिकै कारण ९ महिना अगावै पत्ता लगाउन सकिने भएपछि हामी कृषकहरू उत्साहित भएका छौं, मेरो गाई भैंसीको किन समयमै रागो साडो लागेन, वाली खोजेन भन्ने कुरा प्रविधिको प्रयोगबाट सजिलै थाहा पाउन सकिएकोले आगामी दिनमा पशुपालन क्षेत्र अझै सहज र नोक्सान रहित हुनेछ ।'- कृषक मथुरा खनालले भने । ।

पशुको गाई भैंसीमा प्रयोग गरिएको आधुनिक अल्ट्रासाउन्ड प्रविधिले पशु प्रजनन्मा देखिएका समस्या तथा बाझोपन निवारण गर्न महत्वपूर्ण सहयोग गरेको छ । आधुनिक अल्ट्रासाउन्ड मेसिनबाट गाई-भैँसीको गर्भ अवस्था, पाठेघरको भित्री संरचना तथा सम्भावित समस्या सजिलै पत्ता लगाउन सकिन्छ । गाई-भैँसीमा पटक-पटक बाली लाग्ने, तर गर्भ स्थायी रूपमा नबस्ने, एक पटक ब्याएपछि लामो समयसम्म बाली नलाग्ने, समय-समयमा गर्भ खस्ने जस्ता समस्या पहिचान तथा समाधान गर्न, पशुमा हुने प्रजनन् विकृति र बाझोपन निवारण शिविर सञ्चालन गरिएको परियोजना संयोजक राजकुमार आलेले बताए ।

पहाडी स्तरका गाउँबस्तीमा ठुलाठुला उद्योग कलकारखाना सञ्चालन गरी रोजगारी बढाउन सक्ने अवस्था छैन ।

बढ्दो बसाईसराइ रोक्न, गाउँबस्तीलाई हराभरा बनाउन, गाउँमै स्वरोजगार, उद्यमी बन्न, आयआर्जन बढाउन आधुनिक प्रविधिबाट कृषि र पशुपालन नै रहेकोले पालिकाले ठुलो लगानीमा हेफर पोजेक्ट नेपालसँग सहकार्य गरी कृषकको माग र आवश्यकतामा आधारित कार्यक्रमहरु निरन्तर सञ्चालन गर्दै आएको पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले जनाए । पालिकाले पहिलो पटक आधुनिक प्रविधिबाट पशु गर्भपरीक्षण गरेको भए पनि आगामी दिनमा पालिकाले आफैँ अल्ट्रासाउण्ड मेसिन किन्ने, पशु प्राविधिकहरुलाई दक्ष बनाउने र कृषकहरुलाई घरदैलो सेवा प्रदान गर्ने पालिका अध्यक्ष थापाले जानकारी दिए ।

विकसित देशहरूमा दशकौँ अघिदेखि प्रयोग हुँदै आएको यो प्रविधि पाल्पाली कृषकहरूले भने हाल आएर मात्र प्रयोग गर्ने अवसर पाएका हुन् । देख्दा सामान्य जस्तो लागे पनि यदि यो प्रविधि सहज र व्यापक रूपमा प्रयोगमा ल्याउन सकियो भने नेपाली पशुपालक कृषकहरू ठूलो आर्थिक जोखिमबाट बच्न सक्ने राष्ट्रिय पशु प्रजनन् कार्यालय बाँकेका पशु विकास अधिकृत डा. मिलनकुमार चौधरीले बताए ।

हेफर प्रोजेक्ट नेपालले पाल्पाको पूर्वखोला, रिब्दीकोट र तानसेन नगरपालिकासँग मिलेर कृषि तथा पशु विकास क्षेत्रमा काम गर्दै आएको छ । कृषकको आवश्यकता र मागको आधारमा पूर्वखोला र रिब्दीकोटमा पशु प्रजनन् विकृति र बाझोपन निवारण शिविर सञ्चालन गरी कृषक तथा स्थानीय पशु प्राविधिकहरुलाई बाझोपन हुने समस्या तथा समाधानको विषयमा सैद्धान्तिक ज्ञान तथा व्यवहारिक अभ्यास गराएको हेफर इन्टरनेसनल नेपाल बुटवल पशु शाखाकी अधिकृत पशु चिकित्सक डा. अंशु प्रधानले बताइन् ।

पहिले गाई भैंसी गर्भवती भएपछि ब्याउ छ की ब्याउँदैन भनेर थाहा पाउन कम्तीमा ८ देखि ९ महिना समय कुर्नु पर्थ्यो । अहिले अल्ट्रासाउन्ड गरेपछि केही छिनमै थाहा पाइदो रहेछ । यो प्रविधिको कारण गाईभैंसीमा दाना, उपचार र समयमै व्यवस्थापन गर्न सजिलो भएको छ । गर्भ नबस्ने समस्या पहिल्यै थाहा पाएपछि अनावश्यक खर्चबाट जोगिन सकिएको पूर्वखोलका कृषक सावित्रा अर्यालले बताइन् ।

अल्ट्रासाउन्ड प्रविधिले पशु स्वास्थ्य सेवामा नयाँ सम्भावना थपेको छ । पहिले अनुमानकै भरमा उपचार गर्नुपर्थ्यो । अहिले पाठेघरको अवस्था प्रत्यक्ष देख्न सकिन्छ ।

समस्या पहिचान भएपछि सही उपचार गर्न सकिने भएकाले कृषकको आर्थिक जोखिम कम हुने शिविरमा सहभागी पूर्वखोला गाउँपालिकाका पशु प्राविधिक हुमबहादुर भेडीले बताए ।

यस्ता प्रविधि स्थानीय तहसम्म नियमित सेवा रूपमा विस्तार गर्न सकेमा पशुपालन व्यवसाय अझ व्यवस्थित र नाफामुखी बन्नेछ ।

आधुनिक प्रविधिको सही प्रयोगले उत्पादन वृद्धि मात्र होइन, कृषकको आत्मविश्वास पनि बढाएको छ ।

ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच विस्तार नै दिगो कृषिको आधार बन्ने देखिन्छ ।

---

**राजनीतिक...**

त्यसमा कुरा मिलेन भने दुवै पार्टी एकता गरेर जाने विकल्प पनि खुला छ ।'

देश विकास पार्टी निर्वाचन आयोगमा दर्ता छ । यसको अध्यक्ष सन्ध्या खनाल छिन् भने चुनाव चिन्ह लौरो छ। लौरो चिह्नबाटै २०७९ को स्थानीय तह निर्वाचनमा बालेन काठमाडौंको मेयर निर्वाचित भएका थिए ।

बालेनले आफ्नो राजनीतिक भेटवार्तालाई तीव्रता दिएको सोमबार राति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसँग भेटेपछि हो ।

उक्त भेटवार्तामा लामिछानेले बालेनलाई नै प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि बढाउँदै सहकार्य गर्न प्रस्ताव गरेका थिए। तर यसका लागि ठोस प्रस्ताव केही नआएकाले बालेन आफ्नोतर्फबाट छुट्टै राजनीतिक समीकरण बनाउने तयारीमा अघि बढेको उनी निकट एक नेताले बताए ।

रास्वपाले राखेको प्रस्तावलाई लिएर बालेन र रविबीच बिहीबार पनि वार्ता भएको र वार्ता सकारात्मक रहेको रविले बताएका छन् ।

साथै मेयर बालेनले श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका धरान उपमहानगरका मेयर हर्क साम्पाङसँग पनि कुराकानी हुने र मिलेरै जाने बताउने गरेका छन् ।

# सातै प्रदेशका जेन जी अगुवासँग बालेनको भेटवार्ता



बुटवल । काठमाडौं महानगरपालिका मेयर बालेन शाहले जेनजीका प्रतिनिधिहरूसँग कुराकानी गरेका छन् ।

बिहीबार अपराह्न बालेनले ललितपुरको कुपण्डोलस्थित कुमार बेनको निवासमा सुदन गुरुङ नेतृत्वको सातै प्रदेशका जेन जी अगुवासँग बालेनको करिब आधा घण्टा कुराकानी भएको द काउन्सील अफ जेन जी लुम्बिनीका संयोजक आदित्य आचार्यले बताए ।

सबै वैकल्पिक शक्ति एक ठाउँमा उभिनेमा एकमत भएको द काउन्सील अफ जेन जी लुम्बिनीका संयोजक आदित्य आचार्यले बताए ।

भेटको क्रममा बालेनले आफूहरूसँग राजनीतिको नयाँ अध्याय सुरू गरेको आचार्यले बताए ।

'भेटवार्तामा हामीले सबै वैकल्पिक शक्ति एक हुनुपर्छ, यसको विकल्प छैन भन्ने सुझाव दिएका छौं,' आचार्यले भने-'अरु सबै वैकल्पिक शक्ति एक ठाउंमा आउने करिब निश्चित भएको छ, रास्वपासँग सहमति गर्ने विषय २० प्रतिशतबाट ४० प्रतिशतमा पुगेको छ ।'

मेयर बालेनले पनि जेनजीहरू सबै मिलेर एकजुट हुन आग्रह गरेको आचार्यले जानकारी दिए ।

नेपाल जेनजी फ्रन्टकी संयोजक रक्षा बमले पनि मिलेर जान बालेनलाई आग्रह गरेकी थिइन् । जेन फोर्सका संयोजक रोहनराज दंगालले रवि लामिछाने र कुलमान घिसिङसँगै मिलेर जाने तयारी रहेको भनेर बालेनले ब्रिफिङ गरेको बताए ।

जेनजी समूहमा २५ वर्ष पूरा भएकाहरूलाई निर्वाचनमा उम्मेदवार बनाउने पनि बालेनले बताएका छन् ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**पृथ्वी चन्द्र अस्पताल**
परासी, नवलपरासी (ब.सु.प.)

## बोलपत्र आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति- २०८२/०९/११ (26-12-2025)

यस पृथ्वी चन्द्र अस्पताल, परासी, नवलपरासी (ब.सु.प.) को लागि आ.व. २०८२/८३ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिद कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक विद्युतीय बोलपत्र आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक बोलपत्रदाताले तपशिलका खरिद कार्यका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तपशिलको राजश्व खातामा जम्मा गरेको भौचर तथा आवश्यक कागजातहरु Scan गरि मिति २०८२/१०/११ (25-01-2026) गते दिनको १२:०० बजे सम्म पेश (Submit) गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरु मिति २०८२/१०/११ (25-01-2026) गते क्रमशः १४:०० बजे र १५:०० बजे खोलिनेछ । विस्तृत सूचना तथा जानकारीको लागि PPMO को e–GP पोर्टल bolpatra.gov.np/egp मा तथा कार्यालयको वेबसाईटमा हेर्नुहुन र यस अस्पतालमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा सूचीत गरिन्छ ।

**तपशिलः**

| IFB No. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| PCH/G/NCB -01/082-83 | Procurement of Lab Reagents, Chemicals & X-RAy Films (Close System) for Hospital. | 5000.00 | 8,00,000.00 | |
| PCH/G/NCB -02/082-83 | Procurement of Lab Reagents & Chemicals For Hospital. | 3000.00 | 1,60,000.00 | |

कार्यालय प्रमुख

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ईशानको मृत्यु प्रकरण :

# प्रहरीको प्रतिवेदनविरुद्ध प्रहरी कार्यालय घेराउ

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकाका ईशान शर्माको मृत्युको कारणबारे प्रहरीद्वारा सार्वजनिक गरिएको प्रतिवेदनविरुद्ध पीडितका आफन्त, छिमेकी र स्थानीयहरुले ईलाका प्रहरी कार्यालय रुद्रपुर, सालझण्डी र जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा दबाब स्वरुप जुलुससहित घेराउ गरेका छन् ।

मृतक ईशान शर्माका आफन्त, छिमेकी, छिमेकी र स्थानीयहरु ईशानको घरमा जम्मा भई ईलाका प्रहरी कार्यालय रुद्रपुर हुँदै जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा पुगेर घटनाको सत्य तथ्य अनुसन्धान गरी वास्तविक दोषी पत्ता लगाउन दबाब दिन दिउँसो २ बजेदेखि जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा धर्ना सहित नाराबाजी गरेका थिए ।

प्रहरीले ईलाका प्रहरी कार्यालय बुटवलमा कञ्चन गाउँपालिकाका जनप्रतिनीधि र पीडितका आफन्तहरुको उपस्थितिमा ईशानको कुनै व्यक्तिबाट हत्या भएको नभई लु २ ख ४९४८ नम्बरको फोर्स गाडीले ठक्कर दिई मृत्यु भएको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । ईशान शर्माको मृत्युबारे जिल्ला प्रहरी कार्यालय रुपन्देही प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी सूरज कार्की र इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख तथा प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाको संयुक्त कमाण्डमा अनुसन्धान भइरहेको छ ।

तर उक्त प्रतिवेदनप्रति असहमती जनाउँदै मृतक शर्माको आमा रमा शर्मा, बुवा अर्जुन शर्मा, ठूलो बुवा पुष्पराज शर्मा र दिदि सारिका, स्नेह शर्मालगायत आफन्त र स्थानीयहरुले ईशानको मृत्यु गाडीको ठक्करबाट नभई सुनियोजित रुपमा गरिएको हत्या भएको र वास्तविक दोषीलाई उन्मुक्ति दिन नक्कली(डमी) दोषी खडा गरिएको भन्दै असहमती जनाएका छन् ।

पुस २ गतेदेखि परिवारसँग सम्पर्कविहीन भएका ईशान दुई दिनपछि असोज ३ गते घर नजिकैको नालीको ढकन मुनी टाउको पछाडी गम्भीर चोटसहित आँखा फोडिएको अवस्थामा मृत भेटिएका थिए ।

मृतक शर्माका बुवा अर्जुन शर्मा र आमा रमा शर्माले आफ्नो इशान शर्माको हत्या प्रकरणलाई सडक दुर्घटना बनाउने प्रयास भएको भन्दै यो निर्णयमा कुनैपनि हालतमा मान्य नहुने भन्दै असहमती जनाएका छन् ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही पुगेका पिडितका आफन्तहरुलाई सम्बोधन गर्दै जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी सूरज कार्कीले अनुन्धानको क्रममा तीनजनालाई नियन्त्रणमा लिई निजहरुमाथी अनुन्धान भइरहेको र अझै अन्तिम निष्कर्षमा नपुगिसकेको बताउँदै अनुसन्धानमा सहयोग गर्न आग्रह गरेका थिए ।

मृतक शर्माका ठूलो बुवा पुष्पराज शर्माले भने वास्तविक दोषी पत्ता नलगाएम्म छोराको शव नबुझ्ने तर अनुसन्धानका लागि प्रहरी प्रशासनलाई अन्तिम समयम्म साथ दिइने बताए ।

# अदालतको आदेश अवहेलना गर्दै घर निर्माण

*जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारबीच एकले अर्कोको जिम्मेवारी भन्दै पन्छिने गरेकोस्थानीयहरुको गुनासो छ ।*

बुटवल । बुटवल १७ रानीगञ्जमा बुद्ध मूर्तिसहित सार्वजनिक जग्गा संरक्षण गरी पार्क बनाउन छुट्टाइएको जग्गा किनबेच गरी व्यक्तिले घर बनाएका छन् । बुटवल-१७ रानीगन्जको जनशक्ति टोल विकास संस्थाका दिवाकर पौडेलले समुदायले बुद्ध मन्दिर समेत बनाएर संरक्षण गरी राखेको जग्गा बिक्री गरेको र भवन निर्माण गरेको भन्दै भवन निर्माण रोक्न निषेधाज्ञा माग गर्दै अदालतमा रिट निवेदन दिएका थिए । त्यस पछि उच्च अदालत तुल्सीपुर बुटवलले २०८२ साउन २० गते विपक्षी धनमाया पुलामी र भूमिसरा सोमैलाई जग्गामा कुनै पनि निर्माणको कार्य नगर्नु भनि आदेश जारी गरेको थियो । तर, उक्त आदेशको अवज्ञा गर्दै धनमाया र भूमिसराले उक्त जग्गामा दुई वटा एकतले घर बनाएका हुन् । सार्वजनिक जग्गा खरिद बिक्रीमा संलग्न व्यक्तिहरु र केही दलका कार्यकर्ताको निर्देशन र आड भरोसामा अदालतको आदेशको अवहेलना र कानुनी राज्यलाई चुनौति दिंदै घर बनाइएको जनशक्ति टोल विकास संस्थाका सल्लाहकार दिवाकर पौडेलले बताए । पौडेल सहित सार्वजनिक जग्गा संरक्षण हुनुपर्ने पक्षधरहरुले बिहीबार पत्रकार सम्मेलन गरेर अदालतले घर निर्माण कार्य रोक्न आदेश दिएता पनि बुटवल उपमहानगरपालिका र वडाका जनप्रतिनिधिले चासो नदिएका कारण उक्त जग्गामा घरहरुनिर्माण भएको बताए । उक्त जग्गामा वि.स. २०७९ सालमा जिल्ला प्रशासन कार्यालय रुपन्देहीले बुद्धको मूर्ति राख्नका लागि अनुमति दिएको र त्यस अघि तत्कालीन मोतीपुर गाविसले पनि उक्त जग्गामा बुद्धमूर्ति स्थापनाका लागि सहयोग गर्न सिफारिश गरेको पौडेलले बताए ।

टोल विकास समितिकै अर्का पदाधिकारी केशरबहादुर खड्काले सार्वजनिक जग्गाको राज्यका निकायहरुले आफ्नै संरक्षण गर्नु पर्ने भएता पनि आफुहरुले जानकारी गराउँदा समेत कुनै वास्ता नगरेको बताए । स्थानीयले उक्त जग्गामा जुनसुकै हालतमा भए पनि बुद्धको मूर्ति राखि छाड्ने बताए ।

जग्गा किनेर घर बनाएका महिलाहरुलाई सार्वजनिक जग्गा बेच्ने व्यक्तिहरुले अर्को ठाउँमा सट्टाभर्ना गरिदिएर उनीहरुलाई अन्यायमा पार्न नहुने, तर बुद्धमूर्ति रहेको सार्वजनिक जग्गा किनबेचमा संलग्न र बुद्ध मूर्ति तोडफोड गरी जग्गा कब्जा गर्ने कार्यमा संलग्न माथि छानबिन गरी कानूनी कारबाही हुनुपर्ने स्थानीयको माग छ ।

पद्म चैत्य बुद्ध विहारका अध्यक्ष पद्मलाल शाक्यले बुद्ध मूर्ति राखिएको सार्वजनिक जग्गा किनबेच हुनु आफैँमा गैरकानूनी भएको भन्दै उक्त जग्गा जुन कार्यका लागि प्राप्त भएको हो सो अनुसार बुद्ध मुर्ति राख्नु पर्ने बताए । त्यसो नगरिए समस्या उत्पन्न हुने भएकाले सम्बन्धित निकाय समयमा नै सचेत हुनु पर्ने शाक्यले बताए ।

२०६८ साल असार ७ गते तत्कालीन मोतीपुर गाउँ विकास समितिले उक्त स्थानको एक कठ्ठा जग्गामा बुद्ध मूर्ति स्थापना गर्न सिफारिश गरेको थियो । सोही सिफारिशका आधारमा त्यहांको बुद्धपथमा रहेको जग्गा संरक्षण गरी पर्खाल लगाएर बुद्धको मूर्ति स्थापना गरि लामो समयदेखि संरक्षण हुंदै आएको थियो । तर जग्गा कारोबार गर्ने केही व्यक्तिहरूले अनधिकृत रूपमा उक्त जग्गा दुई महिलालाई बेचेको पत्ता लागेपछि जग्गा संरक्षणका लागि स्थानीय दिवाकर पौडेल अदालत पुगेका थिए । पौडेलका अनुसार उक्त सार्वजनिक जग्गा एक लाखमा खरिद गरेर २५ लाखमा बिक्री भएको थियो । अदालतको आदेश अवज्ञा गर्दै घर निर्माण भएपछि स्थानीयले अदालतको अवहेलना गरेको भन्दै पुनः मुद्दा हालेका छन् । प्रमुख जिल्ला अधिकारीले चाहेमा तुरुन्त उक्त जग्गालाई सार्वजनिक बनाउन सक्ने एक अधिवक्ताले बताए । 'यहाँ सत्ता र शक्तिको आडमा कानुनी राज्यको धज्जी उडाइएको छ,' उनले भने-'यस्तो दण्डहीनतालाई प्रश्रय दिने काम रोकिनुपर्छ ।'

न्यायाधीशद्वय रमेश ढकाल र सागर विष्टको संयुक्त इजलासले व्यक्तिका नाममा बिक्री भएको उक्त एक कठ्ठा जग्गा सार्वजनिक भएको ठहर गर्दै विपक्षीलाई१५ दिनभित्र लिखित जवाफ पेश गर्न अन्तरिम आदेश दिएका थिए ।

उक्त मुद्दामा न्यायाधीश रमेश ढकालले सार्वजनिक जग्गा बिक्री गर्न नपाइने, कसैले कब्जा गर्न नपाइने, संचरना निर्माण गर्न रोक लगाउनुपर्ने र निर्माण भएको भए भत्काउनुपर्ने कानूनी व्यवस्था रहेको रायसहित विपक्षीसंग लिखित जवाफ मागेका थिए ।

'रिट निवेदनमा उल्लेखित जग्गा नेपाल सरकारको नाउँमा रहेको र २०७३ बैशाख २९ गतेको निर्णयबाट औद्योगिक क्षेत्र व्यवस्थापन लि. लाई प्रदान गरिएको देखिन्छ । जग्गा नापजाँच ऐन २०१९ को दफा २ को खण्ड (ङ) र (च), मालपोत ऐन २०३४ को दफा २ को खण्ड (ख २) र (ख ३), मुलुकी देवानी संहिता २०७४ का २९९ र ३०० एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा १० को उपदफा (२) समेतका प्रचलित कानुनी व्यवस्थाहरुको आलोकमा उक्त जग्गा सरकारी/सार्वजनिक जग्गाको परिभाषाभित्र पर्ने विषयमा कुनै विवाद हुन सक्दैन ।'

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
कालिका मानवज्ञान मा.वि. परिवार
बुटवल-१०, रामनगर

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
राष्ट्रिय यातायात उद्यमशील मजदुर भलाईकोष परिवार
बुटवल-१०, रामनगर

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
दिप बोर्डिङ्ग हाई स्कुल परिवार
बुटवल-८, सुख्खानगर

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
यातायात मजदुर तथा व्यवसायी भलाईकोष परिवार
प्रधान कार्यालय बुटवल, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
तिनाउ ईङ्गलिस बोर्डिङ स्कुल परिवार
बुटवल-११, देवीनगर, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
एपेक्स स्कुल परिवार
तिलोत्तमा-१, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।
लुम्बिनी वाणिज्य क्याम्पस परिवार
बुटवल-११, देवीनगर




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com